COLUMBUS CITY SCHOOLS

# सि सि एस परिवारहरूलाई मोबाइल (सेल) फोन प्रयोगको नीतिबारे

आदरणीय कलम्बस सिटी स्कूल्स परिवारहरू,

यो नयाँ शैक्षिक सत्र सुरु हुँदै गर्दा, स्कूल लागेको समयमा विद्यार्थीले मोबाइल (सेल) फोन र व्यक्तिगत इलेक्ट्रोनिक उपकरणहरूको प्रयोग सम्बन्धी महत्त्वपूर्ण अद्यावधिहरू (अपडेटहरू) साझा गर्न हामी चहान्छौं।

गभर्नर माइक डेवाइनले हालै ओहायोका सबै सार्वजनिक स्कूलहरूमा स्कूल लागेको समय मोबाइल (सेल) फोन र व्यक्तिगत इलेक्ट्रोनिक उपकरणहरूको प्रयोगलाई प्रतिबन्धित गर्ने कानूनमा हस्ताक्षर गर्नु भएको छ। यो अद्यावधि ओहायो हाउस विधेयक ९६ पारित भएपछि गरिएको हो।

अनुसन्धानले यो देखाउँछ कि जब विद्यार्थीहरू स्कूल लागेको समय आफ्नो सेल फोनबाट विच्छेद गरिए भने उनीहरूले बढी ध्यान दिनेछन्, शैक्षिक रूपमा राम्रो प्रदर्शन गर्ने र आफ्ना शिक्षकहरू र साथीहरूसँग बलियो सम्बन्धको विकास गर्ने हुन्छन्। हाम्रो लक्ष्य दण्डित गर्नु होइन, तर प्रत्येक विद्यार्थी पूर्ण रूपमा संलग्न र व्याकुलतामुक्त हुने सिकाइ वातावरण सिर्जना गर्नु हो।

**यसको अर्थ हाम्रो मिडल र हाई स्कूलका विद्यार्थीहरूकालागि के हो:**

- कक्षा सञ्चालन भएको समयमा मोबाइल (फोन) र अन्य इलेक्ट्रोनिक उपकरणहरू, जस्तै स्मार्टवाच र ईयरबड्सको प्रयोग गर्ने अनुमति छैन। यो नयाँ नीति यस शैक्षिक वर्षको सुरु देखि नै लागु हुनेछ।

- शिक्षक वा प्रशासकद्वारा अधिकृत शिकाई उद्देश्यकालागि प्रयोग भन्दा बाहेकको समय विद्यालय भवनमा होस् वा विद्यालयको परिसरमा होस्, स्कूल लागेको समयमा इलेक्ट्रोनिक सञ्चार उपकरणहरू सधैं मौन वा भाइब्रेट (कम्पन मोड) मा राख्नुपर्छ।

**यसको अर्थ हाम्रो एलिमेन्ट्री स्कूलका विद्यार्थीहरूकालागि के हो:**

हाम्रो एलिमेन्ट्री स्कूलका भवनहरूमा स्कूल लागेको समयमा मोबाइल (सेल) फोन प्रयोग गर्न कहिल्यै पनि अनुमति दिइएको छैन। हामी बुझ्छौं कि परिवारहरू आफ्ना बच्चाहरूसम्म पुग्न सक्षम हुनलाई उपकरणमा भर पर्छन्। कृपया ध्यान दिनुहोस् कि यदि तपाँईले आफ्नो विद्यार्थीलाई सम्पर्क गर्न आवश्यक परेमा हाम्रो स्कूल कार्यालयहरू दिनभरि नै उपलब्ध हुन्छन्।

**विद्यार्थीहरूलाई निम्न परिस्थितिहरूमा मात्र मोबाइल (सेल) फोन प्रयोग गर्न अनुमति छ:**

- यदि ओहायो संशोधित संहिताको अध्याय ३३२३ अन्तर्गत विद्यार्थीको व्यक्तिगत शिक्षा कार्यक्रम (IEP) मा वा १९७३ को पुनर्वास ऐन (२९ U.S.C. ७९४) को धारा ५०४ अन्तर्गत विकसित योजनामा इलेक्ट्रोनिक उपकरणहरूको प्रयोग गर्न सक्छ भनि दस्तावेज दाखिल गरिएको छ भने। यदि तपाँईसँग व्यक्तिगत शिक्षा कार्यक्रम (IEP)/५०४-सम्बन्धित अपवादहरूका बारेमा कुनै प्रश्न छ वा सहयोग चाहिन्छ भने कृपया आफ्नो बच्चाको विशेष शिक्षा संयोजकसँग छलफल/परामर्श गर्नुहोस्।
- स्वास्थ्य सम्बन्धी समस्यालाई अनुगमन गर्न वा समाधान गर्न मेडिकल कागजातकासाथ प्रयोग गर्न।
- सक्रिय खतरा वा आपतकालीन अवस्था उत्पन्न हुदा।

**हामी यसलाई कसरी एकसाथ सहयोग गर्नेछौं:**

हामी बुझ्छौं कि यो नयाँ नियम हो, र हामी तपाँई र तपाँईको विद्यार्थीलाई यो संक्रमण सकेसम्म सहज बनाउन सहयोग गर्न यहाँ छौं। विद्यालयका उच्च पदाधिकारीले भवन-विशेष विवरणहरू साझा गर्नेछन्, र तपाँईले यस सन्देशलाई मजबुत बनाउन वर्षभरि पोस्टर र स्रोतहरू जस्ता स्मरणपत्रहरू देख्नुहुनेछ।

हामी तपाँईको साझेदारीलाई मूल्य दिन्छौं र तपाँईलाई प्रोत्साहित गर्दछौं कि यो नीति परिवर्तनबारे तपाँई आफ्नो विद्यार्थीसँग छलफल गर्नुहोस्, र यसले उनीहरूको सिकाइ र शैक्षिक प्रगतिमा कसरी सहयोग पुऱ्याउँछ भन्ने व्याख्या गर्नुहोस्।

कलम्बस सिटी स्कूल्समा, हामी सुनिश्चित गर्न प्रतिबद्ध छौं कि हरेक बच्चाले सहयोग र मूल्यवान महसुस गरोस्। मोबाइल फोनको प्रयोग सीमित गर्ने यो नयाँ दृष्टिकोण हाम्रा शिक्षकहरूसँग र तपाँईको साथ मिलेर सुरक्षित, स्वागतयोग्य र ध्यान भंग हुनबाट मुक्त विद्यालयहरू सिर्जना गर्ने अर्को उपाय हो।

साझेदारीमा,



डा. एन्जेला च्यापम्यान
सुपरिटेन्डेन्ट/सि ई ओ, कलम्बस सिटी स्कूल्स